नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(बढुवा व्यवस्थापन शाखा/बढुवा समितिको सचिवालय)

अत्यन्त जरुरी

गोप्य

फोन { ४२००५०५, ४२००२९९, ४२००३०६

फ्याक्स नं.: ४२००३२२

पत्र संख्या:- २०८२/०८३

चलानी नं.:- ९९

मिति: २०८२/०८/१५

**बिषय:- समकक्षता सम्वन्धमा ।**

निजामती सेवा ऐन,२०४९ तथा निजामती सेवा नियमावली,२०५० बमोजिम बढुवा प्रयोजनका लागि विदेशी विश्वविद्यालयबाट अध्ययन पुरा गरेका कतिपय उम्मेदवारहरूले विदेशी शैक्षिक उपाधीको समकक्षताको प्रमाणपत्र त्रिभुवन विश्वविद्यालय अन्तर्गतको पाठ्यक्रम विकास केन्द्रबाट प्रकाशित Directory of Recognition and Equivalence of Educational Qualifications को प्रतिलिपी पेश गर्ने गरेको सन्दर्भमा बढुवा प्रकृयामा अष्पष्टता भई पाठ्यक्रम विकास केन्द्रसँग पत्रमार्फत जानकारी माग गरिएकोमा सो केन्द्र अन्तर्गतको त्रि.वि.वि. उपाधि मान्यता तथा समकक्षता निर्धारण समितिको मिति २०७४।०३।२२ गतेको निर्णयानुसार उक्त Equivalence of Educational Qualifications Volume I, II, III खारेज गरी व्यक्तिको नाममा समकक्षता दिन सुरु गरिएको भनी लेखी आएकोले बढुवा प्रयोजनका लागि लोक सेवा आयोगमा दरखास्त फाराम पेश गरी आफ्नै नाममा समकक्षता हासिल गर्न बाँकी रहनु भएका उम्मेदवारहरुले सम्वन्धित निकायबाट आफूले प्राप्त गरेको वैदेशिक शैक्षिक योग्यता आफ्नै नामको व्यक्तिगत समकक्षता गराई सोको प्रमाणपत्र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको बढुवा व्यवस्थापन शाखामा अविलम्व उपलव्ध गराइ दिनहुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै,पाठ्यक्रम विकास केन्द्रको प्राप्तपत्र समेत यसैसाथ संलग्न रहेको विषय समेत सूचित गरिन्छ।

२०८२/०८/१५

(लेखनाथ भट्टराई)

शाखा अधिकृत

त्रिभुवन विश्वविद्यालय
शिक्षाध्यक्षको कार्यालय

# पाठ्यक्रम विकास केन्द्र

कीर्तिपुर, काठमाडौं, नेपाल

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ६६
दर्ता मिति:- २०८२/०८/१४

पत्र संख्या : च.नं. ६४८१/०८२/०८३

मितिः २०८२/०८/१४

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,

बढुवा व्यवस्थापन शाखा

सिंहदरबार, काठमाण्डौं

विषयः जानकारी सम्वन्धमा ।

उपरोक्त सम्वन्धमा तहाँ मन्त्रालयको मिति २०८२/०८/०९ च.नं. ८४ को पत्र प्राप्त भई व्यहोरा अवगत भयो । पत्रमा उल्लेख गरेअनुसार Directory of Recognition and Equivalence of Educational Qualifications बाट समकक्षता गराउँदा प्राप्त उपाधि, प्रवेश योग्यता, Credit Hour, अध्ययन अवधि, संस्थाको वैधानिकता र हैसियतमा हुने फेरवदलले समेत जटिलता थपेकोले त्रि.वि. उपाधि मान्यता तथा समकक्षता निर्धारण समितिको मिति २०७४/०३/२२ गतेको निर्णयानुसार सरोकारवालाहरुलाई सुसूचित गर्न सार्वजनिक सूचना प्रकाशित गरी उक्त Equivalence of Educational Qualifications Volume I, II, III खारेज गरी व्यक्तिको नाममा समकक्षता दिन सुरु गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

प्रा.डा. रामकृष्ण तिवारी
कार्यकारी निर्देशक